## "समृद्धिको आधार कृषि, शिक्षा, स्वास्थ्य, मानवीय विकास र भौतिक पूर्वाधार"

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

# आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम

(छैठौं नगर सभा)

मितिः २०७९/०३/१० गते शुक्रवार

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्य ज्यूहरु,

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिबर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेस आन्दोलन सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरबपूर्ण इतिहासलाई स्मरण एबम् ज्ञात अज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको परोहा नगरपालिकाको छैठौ ऐतिहासिक नगरसभामा सहभागी उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका र नगर सभाका सम्पुर्ण सदस्यहरु, कर्मचारीहरु, पत्रकारहरु तथा सहभागी सबै महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा दिगो शान्ति, सुशासन, विकाश र समृद्धिको अकांक्षा पुरा गर्न दोस्रो पटक स्थानीय तहको निर्वाचन पश्चात र संविधान तथा प्रचलित कानुन बमोजिम अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानीय सरकारको तर्फबाट छैठौ पटक यस सार्वभौम नगर सभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह र मेरो आफ्नो व्यक्तिगत सोच र समझदारीका आधारमा आ.व. ०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनूभुती गरिरहेको छु।

साविक ६ वटै गाबिसहरु जिंगडवा वेलविछवा, तेजापाकाड, लौकाहा, बसन्तपट्टी ,नरकटिया र रामपुरखाप मिलेर बनेको परोहा नगरपालिकाको तीव्र बिकास र समृद्धिको कार्यदिशा अघि बढाउन तथा सबै नागरिकको सुखी जीवन यापनको लागी हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पिने सवै नगरबासी दाजुभाई, दिदीबहिनीहरु र समस्त शुभेच्छुक र सरोकार राख्नेहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

**यस नगरपालिकाको सोच:** समुन्नत भौतिक सामाजिक पूर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट नगरपालिका बनाउने।

**लक्ष्य:** मानविय र भौतिक विकासमा केन्द्रित हुदै नगरवासीलाई स्थानीय सरकारको प्रत्याभूति गराई न्यायमूलक र आयमूलक नगरपालिका बनाउने।

**उद्देश्य:** आन्तरिक आयको पहिचान तथा आय वृद्धि गर्दै न्यायोजित वितरण सहित भौतिक, आर्थिक, सामाजिक विकास लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउन।

आर्थिक वर्ष ०७९/८० मा परोहा नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

## (क) आर्थिक विकास तर्फ

- कृषिको आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषि तथा नगदेवालीजन्य उद्योग तथा व्यवसायहरुलाई प्राथमिकता दिईनेछ।
- उंन्नत जातका फलफुल जस्तै लिची बगान, व्यवसायिक तरकारी खेती, मेवा खेती, मसला बाली, केरा खेती गर्न कृषक तथा कृषक समूहलाई प्रोत्साहन गरिनेछ।
- कलकारखाना तथा साना उधोग तथा ईट्टा भट्टा जस्ता विभिन्न उधोगहरुको सञ्चालनमा प्रोत्साहन, प्रवर्द्धनमा जोड दिई औद्योगिक विकास गरी यस नगरपालिकालाई आर्थिक रुपमा समृद्ध बनाउनुका साथै बेरोजगार यूवाहरुलाई रोजगारीका अवसर प्रदान गरिनेछ।
- गरिबी न्यूनीकरण गर्न युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सीपमूलक तथा व्यवसायिक तालीम प्रदान गरिनेछ।
- पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ, जस अनुसार पशु विमा, नश्ल सुधार तथा प्रत्येक वडामा १/१ वटा उन्नत जातका बोका खरिद गरिनेछ। साथै दुध डेरीको स्थापनालाई समेत प्राथमिकता दिईनेछ।

शंख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
नौकाहा, रौतहट

- स्थानीय सम्भावना र बजारको अधारमा एक वडा, एक कृषि पकेट क्षेत्रको पहिचान गरी कृषि क्षेत्रको व्यवसायीकरणमा जोड दिईनेछ । साथै समयानुकूल मल विउ उत्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
- पर्यटकिय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- परोहा नगरपालिकामा रहेका विभिन्न नदीनाला तथा पोखरीको संरक्षण एंव सौन्दर्यकरण गरिनेछ ।
- राजस्व परिचालनको दायरा फराकिलो बनाई विस्तार गरिनेछ ।
- नगरपालिकामा औद्योगिक तथा पर्यटकीय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक प्रोत्साहन दिने नीति लिईनेछ ।
- कृषि कार्यमा थप टेवा पुर्याउन नगरपालिका भरिमा डिप टयूवेल (स्टेट वोरिंग) तथा व्यवस्थित कृषि विद्युतीकरणको थालनी गरिनेछ ।
- कृषकहरुको लागि वोरिङ्ग र उन्नत जातको विउको व्यवस्था गरिनेछ ।
- नेपाल सरकार एसियाली विकास बैंकको संयुक्त लगानीमा यसै नगरपालिका भित्र पाईलट प्रोग्राम (नमुना कार्यक्रम) को रुपमा सफल परिक्षण भंई सकेकोले सबै वडामा स्टेट बोरिंग (डिप ट्यूवेल) लाई विस्तार गरि पूर्णता दिईनेछ ।

## (ख) सामाजिक विकास तर्फ

- शिक्षा क्षेत्रमा विद्यमान समस्याहरु समाधानार्थ नगरपालिकाको शिक्षा ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयलाई पूर्वाधारमैत्री बनाउनको लागि आवश्यकता अनुसार जग्गा खरिद तथा भौतिक संरचना निर्माण कार्य हुँदै आएकोलाई निरन्तरता दिदै सम्पूर्ण विद्यालयलाई पूर्णता प्रदान गरिनेछ । साथै अध्ययनरत छात्रछात्राहरुलाई पोशाकको व्यवस्था मिलाईनेछ ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

- माध्यमिक र उपल्लो आधारभूत विद्यालयहरुलाई प्रविधिमैत्री बनाउने कार्य गरिदै लगिनेछ।
- माध्यमिक विद्यालयहरुमा स्थापना गरिएको Electronic तथा general पुस्तकालयलाई अझ व्यवस्थित गर्दै प्रस्तावित मा.वि. तथा अधारभूत विधालय समेतमा विस्तार गरिनेछ।
- विद्यालय परिसर भित्र अध्ययनरत विद्यार्थीहरुलाई सहजताको लागि बेन्च/डेस्क, पंखा, खेल सामग्री तथा अन्य आवश्यक समाग्री आदि उपलब्ध गराइदै लगिनेछ।
- शैक्षिक वातावरण निर्माणको लागि न.पा. द्धारा नियुक्त करार शिक्षकहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिदै थप व्यवस्थापन गरिनेछ।
- सक्षम प्राथमिक विद्यालयलाई आधारभूत तथा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गरिदै लगिनेछ।
- नेपाल सरकारको नीति अनुरुप बालबालिकाहरुलाई प्रदान गरिदै आएको दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै लगिनेछ।
- विद्यालय बाहिर रहेको बालबालिका तथा किशोरीहरुलाई रुपान्तरण तथा अनौपचारिक शिक्षाको माध्यमबाट विद्यालय प्रवेश गराइनेछ।
- शैक्षिक कार्यतालिका अनुसार शिक्षकहरुले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरी सो को पृष्ठपोषणको अधारमा शिक्षकलाई मूल्याङ्कनको अधारमा पुरस्कारको नीति लिईनेछ।
- प्राविधिक जनशक्तिको उत्पादन आजको २१ औ शताब्दीको आवश्यक्ता रहेकोले श्री बह्रम ज्योति मा.वि. लौकाहा र अन्होतीलाल मा.वि. बसन्तपट्टीमा छुट्टाछुट्टै धारका प्राविधिक शिक्षा सञ्चालन गर्न अगामी आ.व.मा आवश्यक प्रक्रिया अवलम्वन गरिनेछ।
- विधालयको आर्थिक तथा जिन्सी गतिविधि सुधार गर्न विधालय कर्मचारी तथा शिक्षकलाई लेखा तथा जिन्सी सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ।
- युवा तथा वेरोजगारहरुलाई लोक सेवा आयोग र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

- सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसूती गराउने व्यवस्था मिलाईनेछ ।
- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- यस नगरपालिका अन्तर्गत करारका कर्मचारी तथा महिला स्वयंसेविकाहरुको सेवा सुविधामा आवश्यक वृद्धि गरिनेछ ।
- ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण र गर्ने उद्देश्यले परम्परागत रुपमा निर्मित मस्जिद, मदरसा, मठ मन्दिरहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङख्यक, सिमान्तकृत समुदायको यस न.पा.को अभिलेखमा रहेका अनुसार सामाजिक र आर्थिक उत्थान सम्बन्धि कार्यलाई अघि बढाउन आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरणको अवधारणालाई परिपूर्ति गर्न विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- मापदण्ड अनुसारको स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईमा जोड दिइनेछ ।
- जनसंख्या व्यवस्थापनका लागि उचित शिक्षा तथा जनचेतनामूलक कार्यक्रमहरु गरिनेछ ।
- सुखी परिवार र समृद्ध परिवारको लक्ष्यलाई परिपूर्ति गर्न आवश्यक कार्यक्रमहरु लागु गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत निःशुल्क स्वास्थ्य शिविरको माध्यमबाट आम जनतालाई स्वास्थ्य सेवा प्रदान गरिदैं लगिनेछ ।
- विधुत चुहावट न्यूनीकरण एवम् जोखिमबाट जोगाउन अति विपन्न परिवारलाई निःशुल्क विधुत मिटरको व्यवस्था मिलाईनेछ ।
- यस न.पा. अन्तर्गत ईन्जिनियरिङ्ग तथा मेडिकल तर्फ स्नातक तहमा अध्ययनरत् छात्राहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ रु. २५ हजार उपलव्ध गराईनेछ ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

## (ग) पूर्वाधार विकास तर्फ

- तेजापाकड देखि नमनगरा सम्मको सडकलाई विस्तार गरी थप स्तरोन्नती गरिनेछ।
- अव्यवस्थित विकासलाई दिसामूखी विकासमा परिणत गर्न पाँच वर्षे गुरुयोजना तर्जुमा गरी भावी विकास कार्यलाई दिगो बनाउने बाटो अवलम्बन गरिनेछ।
- यस नगरपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुर्याइनेछ। हाल सञ्चालनमा रहेका सडकहरुको मर्मत, स्तरोन्नति तथा समुचित ढल निकासको नीति अवलम्बन गरिनेछ।
- उज्यालो परोहा कार्यक्रम अन्तर्गत प्रत्येक वडामा टावर बत्ती जडान गरिनेछ।
- आम जनताको धनमालको सुरक्षाका लागि वारुण यन्त्रको खरिद गरि सञ्चालनमा ल्याईनेछ।
- उर्जाका वैकल्पिक स्रोतहरुको पहिचान र प्रयोगमा जोड दिइनेछ।
- उज्यालो नगरपालिकाको अवधारणा अनुसार नगरक्षेत्रका प्रत्येक पोलमा बिजुली बत्तीको मर्मतका साथै थप जडान कार्य गर्दै सो कार्यलाई निरन्तरता दिइनेछ।
- मर्मत सम्भार कोष स्थापना गरिनेछ।
- नगरभित्रका प्रत्येक वडामा आवश्यक्ता अनुसार नयाँ सडक निर्माण गरिनेछ।
- नंगरका प्रमुख सडकमा प्रवेशदार निर्माणं गरिनेछ।
- नगरक्षेत्र भित्रका सुरक्षा निकायसंग सम्बन्धित भौतिक पूर्वाधारहरुको समुचित निर्माण एवं मर्मत सम्भार गरिदै लगिनेछ।
- अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।
- पूर्वाधारजन्य कार्यको गुणस्तर कायम गर्न प्राविधिक तथा सिभिल ल्यब स्थापना गरि सञ्चालनमा ल्याईनेछ।
- यस नगरपालिका भित्र निर्माण हुने तथा अन्य सेवा प्रयोजनका लागि निर्माण समाग्री, ज्याला र भाडाको हकमा जिल्ला पूर्वाधार कार्यालयले तयार पारेको जिल्ला दर रेटलाई यस न.पा.मा लागु हुने गरी न्यूनतम दर रेट हुने व्यवस्था गरिनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

## (घ) वातावरण तथा विपद व्यवस्थापन तर्फ

- बाढी प्रभावित क्षेत्रलाई आवश्यक सामग्री खरिद गरी आकस्मिक सेवाको समूचित व्यवस्था मिलाइने उपायहरु अवलम्बन गरिनेछ ।
- दैवी प्रकोप तथा विपद व्यवस्थापन रोक्थामका लागि विशेष जोड दिईनेछ ।
- वन तथा भू-संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ । जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ तथा वातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ ।
- नगर भित्रका प्रत्येक घरधुरीमा एक विरुवा अनिवार्य रुपमा लगाइने नीति अवलम्बन गरिनेछ ।
- नगर भित्रका मुख्य सडकमा वृक्षारोपण कार्यलाई निरन्तरता दिईने नीति अवलम्वन गरिनेछ ।
- ढलनिकास र Land Field को लागी आवश्यक जग्गा खरिद गरि व्यवस्थापन गरिनेछ ।
- धुवाँ रहित नगरपालिकाको नीति अवलम्बन गरिने छ ।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह तर्फ

- नगरपालिकाका सम्पूर्ण सूचनाहरुमा जनताको पहुँच पुर्याउन वेभसाईटलाई समयानुकुल अध्यावधिक गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ ।
- लिजा, मध्यकालीन खर्च संरचना तथा पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सेवा प्रवाह मापदण्ड र संगठन तथा व्यवस्थापन सर्वेक्षणको व्यवस्था मिलाईनेछ ।
- राजश्व सम्बन्धी सफ्टवेयर जडान गरी सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सञ्चालनमा ल्याईनेछ ।

## (च) वित्तीय व्यवस्थापन र सुशासन तर्फ

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
चौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

- नगरवासीलाई सेवा सुविधाको जानकारी तथा प्रक्रिया बुझ्नको लागि यस नगरपालिकाको आफ्नो Mobile App लाई समयानुकुल अध्यावधिक गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ। साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सूचना प्रविधिको प्रयोगमा जोड दिइदै लागिनेछ।
- नगरपालिका तथा अन्तर्गतका सम्पूर्ण वडाहरुमा जडान भएका ईन्टरनेट प्रयोग गरी पञ्जीकरण, सामाजिक सुरक्षा, सिफारिस तथा प्रमाणितलाई अनलाइन मार्फत गराउने व्यवस्थालाई प्रभावकारी बनाईनेछ।
- आन्तरिक श्रोतको दायरालाई फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाबाट अनुमोदन भई नगरसभाबाट स्विकृती प्राप्त भएको कर, शुल्क, दस्तुर तथा जरिवाना असुल गर्ने कार्यलाई व्यवस्थित बनाईनेछ।
- वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ। वित्तीय जोखिम न्यूनीकरणको लागि वित्तीय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिईनेछ।
- गुनासो दर्ता अभिलेखको समयानुकूल व्यवस्थापन गरिनेछ।

## (छ) रोजगारी तर्फ

- वैदेशिक रोजगारीवाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप तथा क्षमता, बिउँ पूँजी उपलब्ध गराउन वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक तथा रोजगारमूलक आयोजना मार्फत समुदायको विकास र रोजगारीसँगै सामाजिक संरक्षणको प्रत्याभूति गरिनेछ।
- सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमूलक तथा रोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

- संघ तथा प्रदेशको रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।
- शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय लघु उद्यम तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न आवश्यक नीति अंगिकार गरिनेछ ।
- रोजगार सेवा केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याईनेछ । साथै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई शसक्त तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियानमा पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्वन गरिनेछ ।
- कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा नगरपालिकाको साझेदारी संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।
- परोहा न.पा.भित्र बसोबास गर्ने गरिब तथा विपन्न वर्गहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।
- परोहा नगरपालिकामा उद्यमशिलताको विकास गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

## (ज) सूचना प्राविधि तर्फ

- सूचना प्राविधिमा सबैको पहुँच स्थापित गर्न तथा नियमित क्रियाकलापहरु सहज, निर्वाध रुपमा सम्पादन गर्न सूचना प्रविधिको विकास तथा विस्तार गरी सञ्चालनमा ल्याईनेछ ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

- यस नगरपालिकाका सबै वडालाई प्रविधिमैत्री प्रणालीमा विकास तथा आबद्ध गर्नुको साथसाथै वडाहरुबाटै मिटिङ्ग, अन्तरक्रिया कार्यक्रम तथा गोष्ठीहरु सञ्चालन गर्न आवश्यक पूर्वाधारको विकासमा जोड दिईनेछ।
- कार्यालयको दैनिक तथा नियमित क्रियाक्लाप तथा गतिविधिहरुलाई सेवाग्राहीहरु समक्ष छिटो छरितो, मितव्ययी र प्रभावकारी रुपमा पुर्याउन आवश्यक प्रविधि तथा Software खरिद गरी सेवा प्रवाहमा नगरपालिकालाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउँदै लगिनेछ।
- नगरपालिकाको सबै वडा कार्यालय, विषयगत शाखाहरु तथा मातहतका अन्य निकायहरुलाई डाटा वेसको माध्यमबाट एउटै Software मा आबद्ध गरिनेछ भने कार्यालयको आवश्यक डाटाहरुलाई ब्याक अप राख्न File Server को स्थापना गरिनेछ।
- Internet क्षमता प्रणालीमा थप सुधार गरिनेछ।

### (झ) न्यायिक समिति तर्फ

- गरिब, असहाय तथा पछाडी पारिएका ब्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श सेघा तथा सहयोग उपलब्ध गराईनेछ।
- न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्वन गरिनेछ।
- प्रत्येक वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा ल्याईनेछ।
- न्यायिक समितिबाट भए गरेका निर्णय तथा मेलमिलाप भएका विवादहरु कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

(ञ) शान्ति सुरक्षा तर्फ

- नगरपालिका भित्रका नगरबासी एवं व्यवसायीहरुको जिउधनको सुरक्षाको लागि नेपाल प्रहरीको सहयोगमा नगरका महत्वपूर्ण स्थानहरुमा जडान गरिएको सि.सी.टि.भी. को मर्मत एवं विस्तार कार्यलाई निरन्तरता दिदै लगिनेछ ।
- नगर स्तरीय शान्ती सुरक्षा कायम गर्न नगर प्रहरीको व्यवस्थापन एवं परिचालन गरिनेछ ।

नगरसभा उपाध्यक्ष ज्यू,

नगरसभा सदस्यज्यूहरु

चालु आ.व. २०७८/७९ को मिति २०७९ जेठ मसान्तसम्मको प्राप्त कुल आय रकम ४९ करोड ६६ लाख ८४ हजार ३ सय ८ रुपैया ७६ पैसा र कुल व्यय रकम ३४ करोड ८६ लाख ४३ हजार ८ सय ७१ रुपैया ८४ पैसा रहेको छ।

नेपालको संविधान, २०७२ को कार्यान्वयन संगै गठन भएको यस नगरपालिकाको छैठौं नगर सभा संविधानमा व्यवस्था भए बमोजिम अषाढ १० गते पेश गरि सक्नु पर्ने व्यवस्था रहेको छ। जनआकांक्षा अनुसार बजेट कार्यान्वयन तथा सेवा प्रवाह गर्न विभिन्न कठिनाईहरु भए तापनि अब बजेट पारित गरि समयमा नै जनभावना अनुसार कार्य गर्न हामी सबै क्रियाशिल हुनु पर्ने अवस्था छ । आ.व. २०७९/८० को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाको विविध पक्षहरुलाई समेट्ने अपेक्षा लिईएको छ।

आ.व. २०७९/८० आय तर्फ

आ.व. २०७९/८० मा यस नगरपालिकाको लागि संघीय सरकार, प्रदेश सरकार र आन्तिक आयबाट प्राप्त हुने वित्तीय समानीकरण, राजस्व बाँडफाँड अनुदान तथा आन्तरिक आय देहाय बमोजिम रहेको छ।

शेख वकिल
नगर प्रमुख
परोहा नगरपालिका
लौकाहा, रौतहट

| | | |
|---|---|---|
| १ | वित्तीय हस्तान्तरणबाट प्राप्त आय | |
| १.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुदानः | |
| १.१.१ | संघीय वित्तीय समानीकरण अनुदान | १२७१००००००.०० |
| १.१.२ | संघीय सशर्त अनुदान पूँजीगत | ३२२०००००.०० |
| १.१.३ | संघीय समपूरक अनुदान | १८००००००.०० |
| १.१.४ | संघीय विशेष अनुदान | १५००००००.०० |
| १.१.५ | संघीय राजस्व बाँडफाँड | ९५३५३०००.०० |
| १.१.६ | सशर्त अनुदान चालु | १६४१००००००.०० |
| १.२ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः | |
| १.२.१ | वित्तीय समानीकरण अनुदान | ९०१८०००.०० |
| १.२.१ | सशर्त अनुदान पुजीगत अनुमानित | ८००००००.०० |
| १.२.१ | सम्पूरक अनुदान | २००००००.०० |
| १.२.१ | विशेष अनुदान | ३००००००.०० |
| १.२.१ | राजस्व बाँडफाँड अनुमानित | ३५०००००.०० |
| २ | आन्तरिक आय अनुमानित | १५००००००.०० |
| कुल जम्मा बजेट रकम रु. | | ४९२२७१०००.०० |

अगामी आ.व.२०७९/८० को कुल रकम रु.४९२२७१०००.०० (अक्षरेपी रुपैया उनन्पचास करोड बाईस लाख एकहत्तर हजार मात्र ) तपसिल अनुसार क्षेत्रगत विनियोजन गरिएको जानकारी गराउन चाहन्छु ।

- चालु खर्च तर्फ रु. २७ करोड ७९ लाख ५३ हजार रकम विनयोजन गरेको छु । जुन कुल रकमको ५६ दशमलव ४७ प्रतिशत हुन आउँछ ।
- पुँजीगत विकास निर्माण तर्फ रु. २१ करोड ४३ लाख १८ हजार रकम विनयोजन गरेको छु । जुन कुलरकमको ४३ दशमलव ५३ प्रतिशत हुन आउँछ ।

समाप्त

श्रीख वकिल
नगर प्रमुख
परोहा नगरपालिका,
लौकाहा, रौतहट